आज मिति २०७८ साल श्रावण १३ गतेका दिन यस स्वाँकेबगर नगरपालिकाका नगर प्रमुख श्री कुल बहादुर कुँवर ज्यूको अध्यक्षतामा आ.व. २०७८/०७९ को प्रथम कार्यपालिका बैठक देहायको उपस्थितीमा बसी निम्नानुसार निर्णय पारित गरियो।

उपस्थिती!

१. श्री कुल बहादुर कुँवर . नगर प्रमुख . अध्यक्ष
२. श्री विर्मला देवी बुढथापा - नगर उप प्रमुख - सदस्य
३. श्री अमर बहादुर शाह . वडा अध्यक्ष वडा नं. १ - ״
४. श्री कालु सिंह कुँवर - ״ ״ - २ - ״
५. श्री कृष्ण बहादुर बुढा - ״ ״ - ३ - ״
६. श्री बाल्लगिरी कुँवर - ״ ״ - ४ - ״
७. श्री उजिरे खाँडप - ״ ״ - ५ - ״
८. श्री प्रेमराज शर्मा - ״ ״ - ६ - ״
९. श्री मिठु सिंह भाट - ״ ״ - ७ - ״
१०. श्री टेकें बहादुर कुँवर - ״ ״ - ८ - ״
११. श्री ध्रुब बहादुर थापा - ״ ״ - ९ - ״
१२. श्री लाल बहादुर खड्का - ״ ״ - १० - ״
१३. श्री गणेश बहादुर खड्का - ״ ״ - ११ - ״
१४. श्री प्रकाश बहादुर रावत - ״ ״ - १२ - ״
१५. श्री सागर सिंह सोनार (बाटली) ״ ״ - १३ - ״
१६. श्री कर्ण बहादुर खाँडप ״ ״ - १४ - ״
१७. श्री जीत बहादुर बिशानी (लुहार) - कार्यपालिका सदस्य - ״
१८. श्री दुरी देवी कुँवर - ״ ״ - ״
१९. श्री सुरत बहादुर भुल - ״ ״ - ״
२०. श्री सावी मिजार - ״ ״ - ״
२१. श्री शंकर भुल - ״ ״ - ״
२२. श्री अयन्ती देवी बोगटी - ״ ״ - ״
२३. श्री साविती देवी कुँवर - ״ ״ - ״
२४. श्री शान्ति देवी ओली - ״ ״ - ״
२५. श्री लक्ष्मी प्रसाद शर्मा - नि.प्र.प्र. अ. - सचिव

आमन्त्रित!

२६. श्री मुना रावल - का.वा. वडा अध्यक्ष वडा नं. ६
२७. श्री हिमा कुँवर - का.वा. वडा अध्यक्ष वडा नं. ८
२८. श्री टप विश्वकर्मा - सहायक चौथो सो.नि.पा. कार्यालय

Scanned with CamScanner

प्रस्तावहरु!
१- रिपोर्टिङ
२- कोभिड - १९ सम्बन्धमा ।
३- उपभोक्ता समिति गठन, परिचालन र व्यवस्थापन कार्यविधि - २०७५ पहिलो संशोधन सम्बन्धमा ।
४- करार सेवा तर्फका कर्मचारी सम्बन्धमा ।
५- आन्तरिक लेखा परिक्षण सम्बन्धमा ।
६- वडा सार्वजनिक सुनुवाई सम्बन्धमा ।
७- गिट्टी, बालुवा आन्तरिक आयको ठेक्का सम्बन्धमा ।
८- आ. व. २०७६/७७ को अधुरो योजनाको पूर्णता सम्बन्धमा ।
९- नगर विकास समिति गठन सम्बन्धमा ।
१०- विविध,
(क) स्रोत व्यक्ति फिर्ता पठाउने सम्बन्धमा ।
(ख) सुधारिएको फलामे चुल्हो वितरण सम्बन्धमा ।
(ग) ट्रेलर खरिदका लागि टेण्डर आव्हान गर्ने सम्बन्धमा ।
(घ) सकल महिला सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।
(ङ) प्राविधिक सहायक करार सेवामा पदपूर्ति गर्ने सम्बन्धमा ।
निर्णयहरु!
निर्णय नं. - १!
प्रस्ताव नं. - १ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत १४ वटै वडाको पछिल्लो अवस्थाका बारेमा सम्बन्धित वडा अध्यक्षबाट रिपोर्टिङ कार्य भई वडा तहमा कार्य सञ्चालन गर्दा देखा परेका समस्या कोभिड - १९, बाढी पहिरो, सडक अवरोध आदि विषयका साथै नगरपालिकामा सञ्चालित कार्यक्रम र सामुदायिक गतिविधिका बारेमा नगर प्रमुख ज्यूबाट सम्बोधन भई आपसी सहमती, समझदारी, समन्वय र सहकार्यका साथ अघि बढ्ने गरी रिपोर्टिङ कार्य सम्पन्न गरियो ।
निर्णय नं. - २!
प्रस्ताव नं. - २ माथि छलफल गर्दा विश्वमहामारीको रुपमा फैलिँदै गईरहेको कोभिड - १९ रोगको क्षेत्रमा यस नगरपालिकाले सञ्चालन गरेका गतिविधि तथा कार्यक्रमहरुलाई समेटेर तयार पारिएको प्रतिवेदन नगर प्रमुख ज्यूबाट प्रस्तुत भई उक्त प्रतिवेदनमा अनुसार कोभिड - १९ का क्षेत्रमा नगरपालिकामा नगरपालिकाको आफ्नै स्रोत तथा अन्य निकाय र संघ संस्थाबाट प्राप्त अनुदान गरी जम्मा रकम रु. १ करोड ७९ लाख ३० हजार १ सय आम्दानी भएकोमा स्वास्थ्य सामग्री खरिद, राहत तथा अनलाइन राहत खर्च, बिमा शुल्क, क्वारेन्टाइन खर्च तथा काठमाण्डौंबाट उद्दार कार्य आदिमा रकम रु. ६३ लाख ४२ हजार,
क्रमशः!

६ सय ८८ रुपैयाँ खर्च भई बाँकी रकम रु. २३ लाख ४७ हजार ४ सय १२ रुपैयाँ प्रकोप व्यवस्थापन कोष खातामा मौज्दात रहेकोले सोको अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.- ३!

प्रस्ताव नं. -३ माथि छलफल तथा विचार विमर्श गर्दा साँफेबगर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०६५ को परिच्छेद-३ दफा ७ को (१)मा "कार्यालयले आ.व. शुरु भएको १५ दिन भित्र उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान र छनौट गरी कार्यान्वयन योजना बनाउनुपर्नेछ" भन्ने वाक्यांशमा संशोधन गरी "नगर कार्यपालिकाको लिखित कार्यादेश पश्चात वडा कार्य समितिको सिफारिसमा उपभोक्ता समिति गठन गर्नुपर्नेछ।" भन्ने वाक्यांश कायम गरी उक्त कार्यविधिमा पहिलो संशोधन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. - ४!

प्रस्ताव नं. - ४ माथि छलफल गर्दा यस नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको करार म्याद २०७७ साल असार मसान्तमा समाप्त भएकोले निजहरुको सेवा, शर्त र सुविधा साविक बमोजिम नै हुनेगरी सम्वत २०७७ साल श्रावण १गते देखि लागू हुने गरी २०७७साल पौष मसान्त सम्म (६ महिना) का लागि म्याद थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो

निर्णय नं. ५!

प्रस्ताव नं. -५ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७६/७७ मा सम्पन्न आर्थिक कारोबारको आन्तरिक लेखा परीक्षण गर्ने कार्यका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय अछाममा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.-६!

प्रस्ताव नं. - ६ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत १४ वटै वडामा आ.व. २०७६/७७ मा सम्पन्न वार्षिक कार्यक्रमका साथै उक्त आ.व.मा वडा कार्यालयबाट प्रवाहित सार्वजनिक सेवाका बारेमा सेवाग्राही नागरिक समक्ष साक्षात्कार हुने गरी सम्वत २०७७ साल भाद्र मसान्त भित्र वडा स्तरमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरी सम्पन्न गर्न सबै वडा कार्यालयहरुलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ७!

प्रस्ताव नं. -७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाले आ.व. २०७६/०७७मा आन्तरिक आय अन्तर्गत यस नगरपालिका क्षेत्र भित्रका ~~नदीनाला~~ नदीनाला तथा खोलाबाट निकासी हुने गिट्टी बालुवा तथा नदीजन्य पदार्थको

क्रमशः।

उत्खनन, संकलन र बिक्री वितरणको ठेक्का पाएका अछाम जिल्ला बान्नीगढी गाउँपालिका वडा नं.-१ गौंजा निवासी दिपक बहादुर खड्कालाई रु. ६५लाख मा (मूल्य अभिवृद्धि कर बाहेक) तथा मूल्य अभिवृद्धि कर सहित रु. ७३ लाख ५५ हजार ४ सय ५७ रुपैयाँ ४६ पैसा मा ठेक्का सम्झौता भए बमोजिम नियमित रुपमा सम्झौता अनुसार काम गरिरहेकोमा आ.व. २०७६।७७को तेस्रो चौमासिक को शुरुवात भए सँगै विश्वव्यापी कोरोना भाइरस (कोभिड-१९) को सम्भावित संक्रमणलाई दृष्टिगत गरी नेपाल सरकारले प्रायत: २०७६ साल चैत्र ११ गते देखि घोषणा गरेको लकडाउनका कारण रोयल्टी संकलन कार्य प्रभावित भई ठेक्का कबोल बमोजिमको आय संकलन गर्न नसक्ने अवस्था सिर्जना भएकोले रु. १५लाख छुट दिने सर्वसम्मत निर्णय पारित गरियो। साथै चालु आ.व. २०७७।७८ मा आन्तरीक आयको ठेक्का बन्दोबस्तका लागि वातावरणीय प्रभाव प्रतिवेदन अनुसार गत आ.व. २०७६।७७ मा १ करोड ४३ लाख मा प्रथम पटक बोलपत्र आव्हान भई बोलपत्र दाताहरुबाट कुनै पनि बोलपत्र नपरी दोस्रो, तेस्रो र चौथो पटक पुन: बोलपत्र आव्हान हुँदा दोस्रो ५० लाख, तेस्रो ४० लाख ~~र चौथो ३५~~ मा पनि कुनै बोलपत्र दाताको बोलपत्र नपरेको र चौथो पटक रु. ३५ लाख भ्याट बाहेकको बोलपत्र स्वीकृत भएको अनुभव समेतलाई आधार लिई यस आ.व. २०७७।७८ का लागि गिट्टी बालुवा तथा नदीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री वितरणको लागि मूल्य अभिवृद्धि कर बाहेक रु. ४५लाखको आन्तरिक आयको टेन्डर आव्हान गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिल:

१. यस नगरपालिका वडा नं.- १ बैजनाथ र वडा नं.- ७ रिडीकोट देखि वडा नं.- १६ बावल्ला ढक्कीगाड सम्म र घिपेखोलाको साँफेबगर देखि वडा नं.- ५ नवाथाना र वडा नं.- ६ नागेश्वरको सिमाना क्षेत्र भित्र को ढुंगा, गिट्टी, ग्राभेल, बालुवा र रोडाको प्रति क्यु फिट अधिकतम रु. ८.५० (आठ रुपैयाँ पैसा पचास मात्र) भन्दा बढी हुने छैन।

२. सवारी साधन नम्बर (मालबाहक गाडी) को प्रकृति अनुसार रोयल्टी दस्तुर निम्नानुसार कायम गरिएको छ।

क) ट्रेक्टर प्रतिट्रली रु. ४००।-

ख) टिपर (६ चक्के) रु. १०००।-

ग) टिपर (१० चक्के) रु. १२००।-

घ) ट्रक (६ चक्के) रु. ८००।-

ङ) ट्रक (१० चक्के) रु. १३००।-

निर्णय नं.- ८:

प्रस्ताव नं-९ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा नगर प्रमुख

क्रमश:

Scanned with CamScanner

श्री कुल बहादुर कुँवर ज्यूको अध्यक्षतामा ११ सदस्यीय नगर विकास समिति देहाय बमोजिम गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिल!

१- अध्यक्ष - श्री कुल बहादुर कुँवर - नगर प्रमुख
२- सदस्य - जिल्ला समन्वय समितिले तोकेको सो समितिको सदस्य - सदस्य
३- सदस्य - प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत
४- सदस्य - जिल्ला वन कार्यालय
५- सदस्य - भूमि तथा नापी कार्यालय
६- सदस्य - नगर कार्यपालिका सदस्य श्री कालु सिंह कुँवर
७- सदस्य! नगर कार्यपालिका सदस्य - श्री जयन्ती देवी बोगटी
८- सदस्य! नगर कार्यपालिका सदस्य - श्री सुरत बहादुर मुल
९- सदस्य :- कार्यपालिका मनोनीत समाजसेवी पुरुष - श्री नृप बहादुर कुँवर
१० - सदस्य – कार्यपालिकाबाट मनोनीत समाजसेवी महिला - श्री सत्य कुँवर
११- सदस्य सचिव - प्र.प्र.अ. श्री लक्ष्मी प्रसाद शर्मा

निर्णय नं-९!

प्रस्ताव नं-८ माथि छलफल गर्दा आ.व. २०७३/०७७ मा निर्माण कार्य सम्पन्न हुन नसकी अधुरो अवस्थामा रहेका तपसिल बमोजिमका योजनाहरु (पुरानो) साबिकको स्टिमेट अनुसार बाँकी रकम भुक्तानी हुने गरी निर्माण कार्य सम्पन्न गरी उक्त योजनाहरुलाई पूर्णता दिने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिल!

१- बेतालमाण्डौं मा. वि. अधुरो भवन निर्माण योजना १० - रु. ८ लाख,
२- बैजनाथ अधुरो खानेपानी ट्याँकी निर्माण योजना-१ - रु. ६ लाख
३- सिमपाती अधुरो सिंचाई पोखरी निर्माण ,, वडा नं-१० - रु. ५ लाख,
४- सेतीलोकमार्ग अधुरो गेट निर्माण ,, वडा नं-१० - रु. ३४ हजार,
५- इक्कडी पुल अधुरो गेट निर्माण ,, ,, -१३ रु. ३१ हजार,
६- कृष्ण मा. वि. अधुरो भवन निर्माण ,, वडा नं-५ रु. २ लाख ७० हजार,
७- वडा कार्यालय अधुरो ढलान मर्मत ,, वडा नं-९. रु. १ लाख ३८ हजार
८- लुयाँटा टोल अधुरो खानेपानी निर्माण ,, वडा नं-९. रु. ४ लाख
९- गैरखाना खानेपानी मर्मत योजना वडा नं. -३ रु. १ लाख,
१०- गौजुरियो करौंते अधुरो खेलकुद भवन निर्माण योजना वडा नं-४, रु. ८ लाख ३० हजार
११- हाटबजार अधुरो खा.पा. निर्माण योजना वडा नं - ०३, रु. ७ लाख ६४ हजार
१२- जनकल्याण अधुरो खा.पा. निर्माण योजना वडा नं-०४, रु. ४ लाख ४० हजार
१३- नगरपालिका अधुरो (वाल) घेराबार निर्माण ,, ,, -०४, रु. ६५ हजार
१४- शीदभादेवी अधुरो मन्दिर निर्माण ,, ,, -१ रु. ८१ हजार

Scanned with CamScanner

निर्णय नं.-१०:

प्रस्ताव नं.- १० माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत शिक्षा, युवा तथा खेलकुद विकास शाखामा कार्यरत स्रोतव्यक्ति द्वय नर बहादुर कार्की र हरिप्रसाद जोशीलाई आ.व. २०७७/०७८ को श्रावण १ गते देखि लागू हुने गरी निजहरुको शिक्षक दरबन्दी कायम भएको क्रमशः नर बहादुर कार्की त्रिपुरा सुन्दरी मा.वि. श्रीकोट साँफेबगर नं.पा.-२ र हरि प्रसाद जोशी महेन्द्र मा. वि. बयालपाटा साँफेबगर नं.पा.- ८ मा हाजिर हुने गरी फिर्ता पठाउन यस नगरपालिका शिक्षा, युवा तथा खेलकुद विकास शाखालाई निर्देशन गर्न सर्वसम्मत निर्णय पारित गरियो

निर्णय नं.-११:

प्रस्ताव नं. १० विविध (ख) माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं १, ३, ६ र ११ क्रमशः बैजनाथ, सिद्धेश्वर, बुढाकोट र देविस्थानमा वितरण गर्नका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र खुमलटार ललितपुर मार्फत यस नगरपालिका मा प्राप्त २५० थान सुधारिएको फलामे चुल्हो प्रतिवडा ६० थानका दरले सम्बन्धित ४ वटै वडालाई उपलब्ध गराउने र बाँकी १० थान चुल्हो नगरपालिकाले सम्बन्धित वडाको सिफारिसका आधारमा अति विपन्न तथा दलित समुदायका घरपरिवारलाई वितरण गर्न सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.- १२:

प्रस्ताव नं. - १० विविध (ग) माथि छलफल गर्दा यस नगरपालिकामा रहेको स्काइभेटर लाई पिक अप गरी कार्य स्थलसम्म आवत जावत गर्ने व्यवस्थाका लागि आ.व. २०७७/७८ मा ट्रेलर खरिद गर्नुपर्ने भएकोले सो प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो।

क्रमशः

निर्णय नं.-१३!

प्रस्ताव नं.-१० विविध (छ) माथि छलफल गर्दा हाल मुलुकभर रहेका पति गुमाई एकल महिलाको रुपमा कठिन तथा कष्टकर जीवन व्यतित गरि रहेका जुनसुकै उमेर समूहका एकल महिला र 'ख' वर्गका अपाङ्गहरूलाई नेपाल सरकारले प्रदान गर्दै आइरहेको सामाजिक सुरक्षा भत्ता आ.व. २०७७/७८ देखि ६० वर्ष उमेर पुरा गरेका एकल महिला तथा 'क' वर्गका अपाङ्गहरूलाई मात्र उपलब्ध गराउने व्यवस्थाले अति विपन्न अवस्थामा रहेका एकल महिला र 'ख' वर्गका अपाङ्गहरू-लाई ठूलो मर्का पर्न गएको व्यापक जनगुनासोलाई मध्येनजर गरी उनी-हरूले खाइपाई आएको साविक बमोजिमको सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्थाका लागि नेपाल सरकार गृहमन्त्रालय, राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागमा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.-१४!

प्रस्ताव नं.-१० विविध (ङ) माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्र अन्तर्गत रहने गरी युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६ बमोजिम प्राविधिक सहायकको सेवाकरार पदपूर्ति प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो।

Scanned with CamScanner